जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १४४ पृष्ठः ४ | २०८१ असोज १६ गते बुधबार (Wednesday 02 Oct. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## प्रधानाध्यापकसहित तीन जनाविरुद्ध अख्तियारद्वारा भ्रष्टाचार मुद्दा दायर

सिरहा, १५ असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको शंकर माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक सहित तीन जना विरुद्ध भौतिक संरचना निर्माण, छात्रबृत्ति रकम र पाठ्यपुस्तक खरिदमा अयिनमितता गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। आयोगले शंकर माध्यमिक विद्यालय बरमझियाका प्रधानाध्यापक दिलिपकुमार गुप्ता, शिक्षक हृदयराम चौधरी र विद्यालयका कर्मचारी श्रवणकुमार चौधरीबिरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। अख्तियारका अनुसार प्रधानाध्यापक गुप्ताविरुद्ध ६ लाख ४९ हजार ९ सय १६ रुपैयाँ बिगो कायम गरी बिगो बमोजिम जरिवाना र हिनामिना भएको बिगो बमोजिमको रकम निजबाट असुलउपर गर्नुपर्ने मागदाबी गरेको छ।

त्यस्तै शिक्षक हृदयराम चौधरीविरुद्ध ६२ हजार ५ सय ८३ रुपैयाँ र कर्मचारी श्रवणकुमार चौधरीविरुद्ध ५ लाख ८७ हजार ३ सय ३३ रुपैयाँ बिगो कायम गरी मुद्दमा दायर भएको हो। अनुसन्धानका क्रममा शौचालय निर्माणमा ६२ हजार ५ सय ८३ रुपैयाँ, छात्रवृत्ति रकममा ३ लाख १० हजार ४ सय रुपैयाँ, पाठ्यपुस्तक खरिदका लागि बिनियोजित बजेटमा १ लाख २६ हजार २ सय ४७ रुपयाँ र राहत शिक्षकको तलव भत्तामा १ लाख ५० हजार ६ सय ६८ रुपैयाँ हिनामिना गरेको पुष्टि भएपछि हिनामिना भएको रकमलाई बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर भएको अख्तियार प्रवक्ता देवी प्रसाद थपलियाद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ।

## बाढीबाट पुल भासिदा राजविराज भन्सारको राजस्व सत्तलन प्रभावित

सप्तरी, १५ असोज। केही दिनअघिको अविरल वर्षाका कारण जीता खोलाको आएको बाढीले राजविराज–कुनौली सडकखण्डमा रहेका पुल भासिदा आवतजावतमा समस्या भएको छ। साथै भारतसंग जिल्लालाई जोड्ने प्रमुख सो सडक वर्षाले पूर्ण रूपमा अवरुद्ध भएको छ। यसबाट तिलाठी कोइलाडी गाउँपालिका–१ तिलाठीस्थित राजविराज भन्सार कार्यालयको राजश्व सङ्कलनमा प्रभावित समेत भएको छ। अहिले सो सडक र भासिएको पुलबाट पानी बगिरहेको छ। वर्षा हुनासाथ जीर्ण रहेका पुलबाट आवतजावत गर्न र सडक कटानको समस्या दोहोरिने जनाइएको छ। साथै कटानसमेत हुने गरेको छ। स्थानीयवासी विन्देश्वरी यादवले जीता खोलामा आएको बाढीले पुल बगाउँदा तिलाठीस्थित राजविराज भन्सारसम्म आवतजावत गर्न



समस्या भएको बताए। उनले भने, "वर्षाका कारण वस्ती डुबानमा नै रहेको अवस्था छ। राजविराज–कुनौली सडकखण्डमा सवारीसाधनको आवतजावत पूर्ण रूपमा अवरूद्ध छ। "

सो सडकखण्ड अवरुद्ध हुँदा मल्हनियाँ जानका लागि १० किलोमिटर घुमेर जानुपर्ने बाध्यता रहेको र कुनोली बजारमा पुग्न एक घण्टा लाग्ने गरेको उनले बताए। वर्षायाम सुरु भएसँगै यो सडकखण्डमा पैदल आवतजावत गर्न पनि अपठ्यारो हुने गरेको स्थानीयवासी बिन्दुलाल मुखियाले बताए। भारतबाट कुनौली हुँदै आएका मालवाहक सवारी भन्सार कार्यालय पुग्ने मुख्य बाटो यही हो। सडक अवरुद्ध हुँदा सरकारले उठाउने राजस्वमा त असर पर्छ नै स्थानीयलाई समेत जोखिम थपिएको छ। दुई वर्षअघि आएको बाढीले सडक भासिदा दुई जना

**–बाँकी अन्तिम पेजमा**

## बोरामा लुकाएको लागुऔषधसहित एकजना पक्राउ

सिरहा, १५ असोज। सिरहाको नवराजपुर गाउँपालिका– १ भगवतीपुरबाट प्रहरीले प्रतिबन्धित लागुऔषधसहित एक व्यक्तिलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका– ६ सीतापुर बस्ने करिब ४० वर्षीय भगत यादवलाई सोमबार साँझ बोरामा लुकाएर ल्याउँदै गरेको प्रतिबन्धित लागुऔषधसहित पक्राउ गरिएको हो। प्लास्टिकको बोरा बोकेर भगवतीपुर हुँदै सीतापुरतर्फ आउँदै गरेका यादवलाई रोकेर बोराको जाँच गर्दा लागुऔषध बरामद भएपछि तत्काल नियन्त्रणमा लिइएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए।

उनका अनुसार पक्राउ परेका यादवले बोकेको बोरामा एक सय एमएलको ८४ बोतल कोडिन फस्फेट विक्सिडन सिरप, एक सय एक एम्पुल फेनार्गन, ९५ एम्पुल डाइजिपाम र ९८ एम्पुल बुप्रेनर्फिन बरामद भएको छ। लागुऔषधसहित नियन्त्रणमा लिइएका यादवलाई इलाका प्रहरी कार्यालय लहानको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## कृषकको खातामा २० करोड भुक्तानी

**रवीन्द्र उप्रेती**

बर्दिबास, १५ असोज। यो वर्ष किसानले चाडवाड अगावै उखुको अनुदान रकम पाउने भएका छन्। यसपटक समयमै रकम निकासा भएकाले दसैँ अगावै किसानको खातामा रकम जम्मा हुने गरी अनुदान पठाइएको कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) महोत्तरीले जनाएको छ। सरकारले क्रसिङ सिजन ०८०/८१ मा चिनी मिललाई उखु उपलब्ध गराएका महोत्तरीका किसानको खातामा २० करोडभन्दा बढी रकम भुक्तानी गरेको हो। कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) काअनुसार महोत्तरीमा साना ठूला गरी दुई वटा चिनी मिल भए पनि यो वर्ष रामनगरस्थित एभरेष्ट सुगर मिलले मात्र क्रसिङ गरेको थियो।

कोलेनिका प्रमुख बालकृष्ण अधिकारीका अनुसार क्रसिङ सिजन ०८०/८१ मा रामनगरस्थित एभरेष्ट सुगर मिललाई उखु दिने १४ हजार ४४४ जना कृषकको खातामा २० करोड ३३ लाख १५ हजार ८११ रुपिया निकासा पठाइएको हो। अधिकारीले भुक्तानीको सम्पूर्ण लगतसहित १७ वटा बैंकमार्फत विवरण पठाइएको बताए। बैकहरुले पनि चेक क्लियरेन्सको काम गरी रहेकाले दसैँ अगावै सबै किसानहरुको खातामा अनुदान जम्मा गरिसक्ने जनाएका छन्।

क्रसिङ सिजन ०८०/८१ मा एभरेष्टले २९ लाख चार हजार ५११ क्विन्टल उखु क्रसिङ गरी दुई लाख ६४ हजार ५११ क्विन्टल चिनी उत्पादन गरेको थियो। यो चिनी उत्पादन गत वर्षको तुलनामा बाइस हजार ५०८ क्विन्टलले बढी हो। त्यस्तै ०७८/७९ देखि सञ्चालनमा आएको सिद्धिविनायक चिनी मिलले भने यो वर्ष प्राविधिक कारण देखाउँदै उखु क्रसिङ गर्न सकेन। गत वर्ष (०७९/८०) मिल सञ्चालन भए पनि सिद्धिविनाएकले नौ हजार २४५ क्विन्टल मात्र उखु क्रसिङ गर्न सकेको थियो।

सरकारले तीन वर्षदेखि उखुको अनुदान रकम ६५ रुपियाँबाट बढाएर प्रति क्विन्टल ७० रुपियाँ गरेपछि किसानले केही राहत महसुस गरेका थिए। विगतका वर्षमा ढिलो गरी अनुदान रकम पाउदा 'न हर्ष न बिस्मात' को स्थिति भएको बताउँदै उखु कृषकले कमसे कम चाडवाड अगावै अनुदान रकम निकासको

**–बाँकी तीन पेजमा**




## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

- चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,
- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं।
- श्र सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं।
- श्र दुर्घटनाबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## किन नहोस् त देश बर्बाद !

बाढी पहिरोको प्रकोपबाट पीडितहरूको आँखा ओभाउन पनि पाएका छैनन् तिनका नाममा राजनीतिक दन्तबझान सुरु भइसक्यो। पिडितहरूको अवस्थाप्रति जनसाधारणमा देखिएजति पनि गम्भीरता कथित राजनीतिक नेताहरूमा देखिएन। प्रधानमन्त्री बाढी पहिरोको प्रकोपका बेला नेपालमै भएको भए पनि अवस्थामा खासै फरक हुने थिएन। राज्यका संयन्त्रमात्र होइन तिनका सञ्चालकको मानसिकतामा पनि खिया जो लागेको छ। पक्कै पनि सरकारी संयन्त्र चुस्त र संवेदनशील भएको भए उद्धार तीव्र गतिमा हुनसक्थ्यो। तात्कालिक सक्रियताले बाढी त रोकिने थिएन तर त्यसको भयावहता अपेक्षाकृत कम गर्न सकिन्थ्यो।

राष्ट्रिय शोक नै मनाउनुपर्ने विपत्ति आइलागेका बेलामा पनि राजनीतिक नेतृत्वबीच कटु कटाक्ष र औंठे जबाफको क्रम भने रोकिएन। प्रधानमन्त्रीले स्वदेशमा पाइला टेक्नै नपाई दोचपेचको सिलसिला सुरु भइसक्यो। सरकार अक्षम भयो भन्नेहरू कसैले पनि राज्यले के गर्नुपर्ने थियो र के गरेन भन्ने दुःख भने गरेका छैनन्। पीडितहरूको उद्धार, सहायता र पुनःस्थापनाको खासै चर्चा भएन। सम्भवतः तिनको यस्तै स्वभाव र संस्कारका कारण अहिले जनतामा राजनीति गर्नेहरूप्रति चरक वितृष्णा उत्पन्न भएको हो। जति साखुल्ले बने पनि जनताले तिनलाई पराइ नै ठान्छन्। सरकारले जति नै उदारता देखाएर सहायताको घोषणा गरे पनि त्यो पीडितसम्म पुग्दैन। अरू त के २०७२ का भूकम्पपीडितसमेत सबैले अहिलेसम्म पाउनुपर्ने सहायता पाएका छैनन्।

सरकारले घोषणा गरेको सहयोग कसरी नदिन सकिन्छ भन्ने ध्यानमा राखेर कार्यान्वयनको विधि बनाइन्छ। राजनीतिक नेतृत्वले प्रशासन यन्त्रको बदनियत थाहा पाए पनि वास्ता गर्दैन। यस्ता पीडितहरूलाई साँच्चै नै मर्कामा पार्ने विषयमा भने राजनीति गर्नेहरूले कहिल्यै चासो र चिन्ता प्रकट गरेको सुनिँदैन। तिनले जनताको होइन कार्यकर्ता र कारिन्दाको कुरा सुन्ने गर्छन्। यसैले सत्ता वा विपक्षका राजनीतिकर्मीहरूबाट अपेक्षा गर्नु आफैँ मूर्ख हुनुमात्रै हो। हिउँद लाग्नेबित्तिकै यिनीहरू खोलाका किनार खोतल्ने वा डाँडा खोस्रने माफियासँग हातेमालो गर्न तयार हुनेछन्।

नेताहरूको प्रकृति र प्रवृत्ति हेर्दा विपत्ति नभए यिनैले निम्त्याउलान् जस्तो भान हुने। यस्तो अवस्थामा देश बर्बाद नहोस् पनि किन ? ऊर्दुका सायर शौक बहराइचीले यी पङ्क्तिहरू लाग्छ अहिलेको नेपालकै अवस्था हेरेर लेखेका हुन् – "बरबाद गुलिस्ताँ करने को एक ही उल्लू काफी था, हर शाख पर उल्लू बैठा है, अंजाम–ए–गुलिस्ताँ क्या होगा ?"




# सरकार झ्याप्ले खोलामा पुरियो, नख्खुमा बग्यो, रोशीमा गाडियो !

**मिलन तिमिल्सिना**




शुक्रवार र शनिवारका मुसलधारे पानीले सरकारको निद्रा खलबलिएको भए यतिबेला विलाप गर्ने मानिसको संख्या कम हुन्थ्यो। खोज र उद्धारको काम सकिन्थ्यो। र, बाढी पहिरोले भत्किएका घर र सडक बनाउने काम भैरहेको हुन्थ्यो। दशैं मान्ने तयारीमा रहेका आमनागरिक परिवार र आफन्तसँग भेटघाट र रमाइलो सम्झँदै यात्रा गर्ने तयारीमा हुन्थे। तर सरकारकै अर्को अङ्कले झकझकाउँदा समेत सरकार बिउँझिएन। त्यसैले, यसपालिको दशैं धेरैका लागि दशा भएर भित्रिएको छ। राति गाडी नचलाउनू भन्ने उर्दी पाएरसमेत धादिङ प्रशासन राजमार्ग छेउमा निदाउँदा झ्याप्ले खोलामा ३५ जनाले सधैंका लागि आँखा चिम्लनुपरेको छ। काभ्रे प्रशासन उसैगरी उँघेर बस्दा बीपी राजमार्गमा हजारौं यात्रु अझै अलपत्र छन्। स्रोत, साधन र सुविधाले सम्पन्न भनिएको काठमाण्डौकै नख्खुमा समेत सरकार पुगेन। दुःख, पीडा र शोक नागरिकले भोगे। र, यो पालि नागरिकले आफ्नै आँखा अगाडि सरकार पैरोमा पुरिएको र खोलामा बगेको देखेका छन्। सरकार झ्याप्ले खोलामा पुरियो। नख्खुको बाढीमा बग्यो। अनि हाम्रो सरकार नागरिकका आँखामा बगेको रोशी र सुनकोसीमा डुब्यो।

आफ्नै निकाय जल तथा मौसम विज्ञान विभागले गरेको पूर्वानुमान पत्याएर तयारी गरेको भए सरकार कहीँ पनि पुरिँदैन थियो, बग्दैन थियो र फस्दैन थियो। विभागले सोमवार नै विशेष बुलेटिन निकालेर मंगलवारदेखि शनिवारम्म ठूलो पानी पर्न सक्ने भन्दै सतर्क रहन अनुरोध गरेको थियो। बुधवार फेरि मौसमविद्हरूले मनसुन अवधिकै भीषण वर्षाको सम्भावना रहेको भन्दै आइतवारसम्म ५६ वटा जिल्लालाई 'रेड जोन' अर्थात् अति जोखिम क्षेत्रमा राखेर उच्च सतर्कता अपनाउन अनुरोध गरेका थिए। यो सूचना केन्द्रदेखि पालिकाका सरकार, सुरक्षा निकाय र विपद् व्यवस्थापन गर्ने सबै निकायसम्म पुगेको थियो। सूचना पाएलगत्तै केही पालिकाले सक्रियता पनि देखाए। कैलालीको धनगढी नगरपालिकाले खेतखेतमा पुगेर माइकिङ गर्दै धान नकाट्न आग्रह गर्‍यो। तर धेरै पालिका र केन्द्र सरकारले मौसमविद्को पूर्वानुमानलाई खासै वास्ता गरेनन्। बिहीवार गृह मन्त्रालय अन्तर्गतको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमान्ड पोस्टको बैठकले शुक्रवार र शनिवार रात्रिबस नचलाउने, तीन वटै सुरक्षा निकाय एवम् स्वयंसेवकहरू तयारी अवस्थामा रहने, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी 'अलर्ट' मा रहने निर्णय गर्‍यो। तर यति गरेपछि निर्णय गर्ने जिम्मेवार निकाय सिरक ओढेर सुत्न पसे। र, यसरी सुते कि धेरैलाई सरकार र कुम्भकर्ण उस्तै उस्तै लाग्यो हात्ती र हात्ती छाप चप्पलको विज्ञापन जस्तै।

शुक्रवार काठमाण्डौ र चितवन प्रशासनले रात्रिबस चलाउन रोके। शुक्रवार राति काठमाण्डौबाट बाहिरी जिल्ला र मुग्लिन–नारायणगढ चल्ने गाडी गुडेनन्। चितवन जत्तिकै जोखिम रहेको धादिङ र काभ्रेमा भने शुक्रवार राति निर्बाध गाडी चले। र, नोक्सानी तिनै जिल्लामा धेरै भयो। धादिङ प्रशासनले नौबिसे या खानीखोलामा रात्रिबस रोकेको भए झ्याप्ले खोलामा पहिरो त रोकिँदैन थियो, तर पहिरोले गाडी पुर्ने थिएन। यात्रु रोकिन्थे, तर पहिरोमा बिलाउँदैन थिए। काभ्रे प्रशासनले पनि त्यसैगरी बीपी राजमार्गमा आउने गाडीलाई ठाउँमै रोकेको भए बीच बाटोमा यात्रु फस्दैन थिए। अन्यत्र पनि बाढी पहिरोले धनको क्षति त गर्नसक्थ्यो, तर जनको क्षति रोकिन्थ्यो। त्यसो त ठूलो पानी पर्दैछ, जरुरी कामबाहेक यात्रा नगरौँ भनेर मौसमविद्हरूको आग्रह कतिपय नागरिक र गाडीवालाले पनि टेरेनन्। जोखिम छ भन्ने थाहा पाएर पनि बलजफती गरे। यस्तो बलजफती रोक्ने जिम्मेवारी सरकारी निकायकै थियो। दिनरात नभनेर नागरिकको जीउधनको सुरक्षा गर्नुपर्ने निकाय शुक्रवार साँझ नपर्दै मस्त निद्रामा सुते।

शुक्रवार राति यसरी सुतेका सरकारी निकाय शनिवार काठमाण्डौ उपत्यकासहित मध्य र पूर्वका धेरै ठाउँमा बाढी पहिरोले बितण्डा मच्चाइसक्दा पनि बिउँझिएनन्। मन्त्रीहरू बस्ने भैँसेपाटी नजिकै नख्खुखोला किनारको टहरामा श्रमिक परिवार गुहार माग्दै थिए। तर समयमै उद्धारका लागि सरकार पुगेन। सरकार पर्खंदापर्खंदै उनीहरू बगे। तीन जनालाई स्थानीय बासिन्दाले बचाए। एक जना अझै बेपत्ता छन्। संकटमा सरकारी निकाय कतिसम्म सुस्त देखियो भने राजधानी नजिकै झ्याप्ले खोलामा शुक्रवार रातिको पहिरोले बस पुरेको थाहा पाएनन्। घटनास्थलबाट नजिकै रहेको थानकोट प्रहरी चौकीले झ्याप्ले खोलामा बस पुरिएको सूचना १६ घण्टापछि पायो। तर कति वटा पुरिए भन्ने थाहा पाउन ७२ घण्टा लाग्यो। ३५ जना नागरिकको ज्यान गएको कुरा सरकारलाई लाश निकालेपछि मात्रै थाहा भयो।

देश बाढी र पहिरोको चपेटामा पर्दा प्रधानमन्त्री केपी शर्मा ओली अमेरिकाको बोस्टनमा रहेको हार्वर्ड विश्वविद्यालयका विद्यार्थीसँग प्रश्नोत्तर गरिरहेका थिए। उनले यहाँको विपद्को गम्भीरतालाई खासै बाल दिएनन्। यहाँ सयौं नागरिक मर्दा प्रधानमन्त्री भेटघाट र भलाकुसारीकै मुडका फोटो फेसबुकमा हाल्दै थिए। सोमवार फर्कने गरी अमेरिका गएका ओलीले उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहलाई कार्यवाहक दिएका थिए। तर कार्यवाहक सरकारले न संकटअघि पूर्वतयारी गर्‍यो, न संकटपछि उद्धारको कामलाई प्रभावकारी बनाउन सक्यो। सरकारी निकायले चार दिन अगाडि नै भीषण वर्षा हुनसक्छ भनिसकेको अवस्थामा बेलैमा जोखिम क्षेत्रहरूको पहिचान गर्नुपर्थ्यो। पानी पर्न शुरू नहुँदै त्यहाँका नागरिकलाई सुरक्षित ठाउँमा लैजान सकिन्थ्यो। नदीमा पानीको सतह बढ्न थालेपछि तटीय क्षेत्रका बासिन्दालाई सूचना दिने संयन्त्र बनाउन सकिन्थ्यो। तर सरकारले मौसमविद्को पूर्वसूचनालाई वास्ता गरेन। सम्भावित जोखिमको आँकलन गर्न आवश्यक ठानेन। बेलैमा सम्भावित जोखिमको आँकलन नभएपछि पूर्वतयारी हुने कुरो पनि भएन।

पूर्वतयारी गर्नुपर्ने बेला निदाएको सरकार खोज र उद्धारलाई प्रभावकारी बनाउनुपर्ने यो बेला पनि अलमलमा देखिन्छ। केन्द्र, प्रदेश र पालिका गरी देशमा तीन वटा सरकार भएको महसूस पीडितले गर्न पाएका छैनन्। केन्द्रमा प्रधानमन्त्रीदेखि पालिकामा धेरै जनप्रतिनिधि गैरजिम्मेवार देखिए। प्रधानमन्त्री ओलीमा साँच्चिकै जिम्मेवारीबोध थियो भने बाढी पहिरोले देशलाई यस्तो आक्रान्त बनाउँदा अमेरिकाबाट तुरुन्त फर्कन्थे। तत्काल फर्कन सक्ने स्थिति थिएन भने पनि विपद् व्यवस्थापनसम्बन्धी सरकारी निकायहरूलाई पूर्वतयारी तथा खोज तथा उद्धारमा जुट्न निर्देशन दिनसक्थे। तर सामाजिक सञ्जालमा सक्रिय भैरहने प्रधानमन्त्री ओलीले विपद् आउँदैछ भन्ने पूर्वसूचना थाहा पाएर पनि बेलैमा पूर्वतयारी गर्न निर्देशन दिएनन्। बाढी पहिरोले देश आक्रान्त भएपछि शनिवार सिंहदरबारमा बैठक बस्ने 'कार्यवाहक सरकार' कै शैलीमा अमेरिकाबाट औपचारिकता दर्शाए।

प्रधानमन्त्री ओली मात्रै होइन, ओलीको खेदो खन्न सधैँ अग्रसर देखिने काठमाण्डौका मेयर बालेन्द्र शाह पनि संकटमा सक्रिय देखिएनन्। काठमाण्डौका बस्ती डुबाइसकेपछि मात्रै फेसबुकमा झुल्किए। अरूले भन्दा राम्रो काम

–बाँकी तीन पेजमा

# अभिमुखीकरण तालिमका लागि लागु गरेकै दिन बिग्रियो आईरिस, विभागमा चलखेलको आरोप

**कृष्णसिंह धामी**

काठमाडौँ, १५ असोज। वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि 'फेसटाइम एटेन्डेन्स एन्ड आईरिस रिकोग्नेसन' प्रणाली लागु गरेकै दिन बिग्रिएको छ। वैदेशिक रोजगार विभागले पूर्वप्रस्थान तालिमका लागि मंगलबारदेखि यो सिस्टम लागु गर्ने भनेको थियो। विभागले मंगलबार बिहान गरेको डेमो (नमुना परीक्षण) नै असफल भएपछि आईरिसको अनिवार्यता असोज २९ गतेदेखि लागु गर्ने भएको छ। असोज २३ गतेसम्म आइरिस र बायोमेट्रिक फिङ्गरप्रिन्ट सिस्टम दुरुस्त बनाएर २९ गतेदेखि अनिवार्य हुने गरी लागु गरिने विभागले जनाएको छ।

विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले सिस्टममा केही प्राविधिक समस्या आउनुका साथै व्यवसायीहरूको अनुरोधमा समेत यसलाई केही दिन पर सारिएको जानकारी दिए। 'व्यवसायीहरूले सामग्री जुटाउन र जोड्न समय माग गरे,' उनले भने, 'अभिमुखीकरणवालाहरू केहीले सिस्टम जोड्न बाँकी छ। सबै सामग्री पाएका छैनन्। लागु त १०० प्रतिशत नै हुन्छ। तर, समय पुगेन भनेर थप गरेका हौँ।' टेक्नोलोजी परिवर्तन हुँदा व्यवसायीलाई सिक्न समय लाग्ने देखिएको महानिर्देशक खत्रीको भनाइ छ। विभागले मंगलबार गरेको डेमोमा केही प्राविधिक भिन्नता देखिएको बताए। 'फेमिसमा उक्त सिस्टम जोडेर काम गर्न खोजिएको हो। पहिला थम्ब सिस्टम थियो। अहिले आँखाको रेटिना अध्ययन गर्ने आईरिस राख्न लागिएको हो,' उनले भने।

### तालिम प्रदायकको आक्रोश

अभिमुखीकरण तालिम प्रदायक व्यवसायीहरूले भने यसअघिको सूचना अनुसार नै आईरिस प्रणाली जडान गरेको दाबी गरेका छन्। नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले आफूहरूले ९ महिनाअघि नै आवश्यक सिस्टम जडान गरिसकेको बताए। 'हामीले ९ महिना अगाडि नै सबै सिस्टम जडान गरिसकेका थियौँ। विभागले अहिलेसम्म लागु गर्न सकेको थिएन,' गौतमले भने, 'अहिले हामीले नै समय थप गर्नुपर्‍यो भनेर अनुरोध गर्यौं भन्ने कुरा विभागको छ। हामी त आफ्नो अफिसमै काम गरिरहेका छौँ। कसले भन्यो समय थप्न ?'

२०८० असोज ७ गते मन्त्रीस्तरीय निर्णयबाट अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ मा दोस्रो संशोधन गरिएको थियो। संशोधनपछि विभागले आवश्यक पूर्वाधार थप्न ३५ दिने सूचना जारी गरेको थियो। सोही आधारमा १४३ व्यवसायीले झण्डै १३ करोड खर्च गरेर पूर्वाधार निर्माण गरेका थिए। त्यही बेला उनीहरूले आईरिस सिस्टमसमेत जडान गरेका थिए। व्यवसायीको अनुरोधमा समय थप गर्नुपरेको कुरा झुटो भएको अध्यक्ष गौतमले बताए।

–बाँकी तीन पेजमा

# क्यान्सरको उपचारमा कुन–कुन औषधि र थेरापी ?

**डा. अरुण शाही**
क्यान्सररोग विशेषज्ञ

क्यान्सर रोगीको संख्या विश्वभर नै बढ्दो छ। थरीथरीका क्यान्सरले धेरैलाई सताइरहेको छ। क्यान्सर लाग्ने कतिपय कारण अझै पनि स्पष्ट छैन। तर धेरै क्यान्सरको कारण भने हामीले वर्तमानमा अँगालेको खराब जीवनशैली र खानपान नै हो। क्यान्सरको उपचारबारे निरन्तर खोजी भइरहेको छ। नयाँ नयाँ उपचार प्रविधिको विकास पनि भइरहेको छ। क्यान्सरको उपचारमा प्रयोग हुने केमोथेरापीको बारेमा त धेरैलाई थाहा छ। तर पछिल्लो समय क्यान्सरको उपचारका लागि विभिन्न औषधि र प्रविधिको विकास भइरहेको छ।

केमोथेरापी, हर्मोनल थेरापी, टार्गेटेड थेरापी, इम्युनोथेरापी, कार टी सेल थेरापी र बोनम्यारो ( हड्डीभित्र हुने मासी) प्रत्यारोपण सबै क्यान्सरको उपचारमा प्रयोग हुने प्रणालीगत थेरापी अन्तर्गत पर्छ।

**केमोथेरापी :** केमोथेरापी क्यान्सरको उपचारमा प्रयोग हुने सबैभन्दा सामान्य उपचार पद्धति हो। केमोथेरापी क्यान्सर कोषिकाहरु नष्ट गर्न प्रयोग गरिन्छ। केमोथेरापीले क्यान्सर कोषिकाहरु फैलिनबाट रोक्छ। अरू कोषहरूलाई बनाउन, बढ्न र विभाजित गर्नबाट रोकेर काम गर्छ। किनभने क्यान्सरका कोषहरु आम रुपमा सामान्य कोषको तुलनामा तीव्र रुपमा बढ्छन् र विभाजित हुन्छन्।

**टार्गेटेड थेरापी :** उपचारको प्रभावकारिता बढाउने यस तरिकामा क्यान्सर कोषिकाहरुका विशेष परिवर्तनहरूलाई लक्षित गर्ने औषधि प्रयोग गरिन्छ। टार्गेटेड थेरापीको औषधिले क्यान्सर कोषिकाहरुलाई उनीहरूको विकास प्रक्रियालाई लक्षित गरेर नियन्त्रण गर्छन्। यी औषधि क्रोनिक माइलो ल्यूकेमिया (रक्त क्यान्सर), पाचननलीका केही क्यान्सर र फोक्सोको क्यान्सर लगायत क्यान्सरमा प्रभावकारी हुन्छन्। साथै ल्युकेमिया, स्तन क्यान्सर र मिर्गौलाको क्यान्सर सहित अन्य धेरै क्यान्सरको उपचारमा टार्गेटेड थेरापी उपयोगी हुन सक्छ।

**इम्युनोथेरापी :** क्यान्सरका कोषिकाहरुलाई शरीरका रोगप्रतिरोधक कोषिकाहरुबाट सखाप पार्न आक्रामक र बलियो पार्ने विशेष औषधिको प्रयोग हुन्छ। जसलाई इम्युनोथेरापी भनिन्छ। यस उपचारले शरीरलाई प्राकृतिक सुरक्षा क्यान्सरबाट लड्न मद्दत गर्छ। यो उपचारको उपयोग आजभोलि केही प्रकारको क्यान्सरका लागि गरिन्छ।

**हर्मोन थेरापी :** केही क्यान्सर शरीरमा उत्पादन हुने हर्मोनमा भर पर्ने हुन्छन्। त्यस्ता प्रकारका क्यान्सरमा हर्मोनको प्रयोग गरिन्छ, जसले गर्दा ती क्यान्सरको वृद्धि रोकिन्छ। यो उपचारले शरीरमा हर्मोनको मात्रा बदल्छ। हर्मोन शरीरमा स्वभाविक रूपले उत्पादन हुन्छ। यसले केही कोषहरू वा अंगको गतिविधिलाई नियन्त्रण गर्नमा मद्दत गर्छ। हर्मोनको स्तरले कैयौं प्रकारको क्यान्सरलाई नियन्त्रित गर्ने भएकाले चिकित्सकहरूले हर्मोन थेरापीको उपयोग गर्छन्। यसमा केही स्तन र प्रोस्टेट क्यान्सर समावेश छन्।

**कार–टी सेल थेरापी :** कार–टी सेल एक विशेष उपचार पद्धति हो, जुन रक्त क्यान्सरका बिरामीमा निकै प्रभावकारी देखिएको छ। बिरामीकै शरीरभित्र रहेको 'टी' नामक प्रतिरक्षा कोषको प्रयोग गरेर उपचार गरिने प्रविधि हो। शरीरभित्र, खासगरी रक्त प्रणालीमा हुने 'टी' कोषलाई निकालेर प्रयोगशालामा जेनेटिक इन्जिनियरिङ गरी क्यान्सर चिनेर त्यस विरुद्ध क्रियाशील हुनसक्ने बनाएर बिरामीको शरीरभित्र पठाइन्छ, जसले क्यान्सरलाई मार्न सक्छ।

**बोनम्यारो प्रत्यारोपण :** रोगको प्रकृति हेरी कुनै रोगलाई औषधि चलाउनुपर्छ भने कुनै रोगलाई बोनम्यारो प्रत्यारोपण नै गर्नुपर्छ। केमोथेरापीबाट निको नहुने रक्त क्यान्सरको उपचार बोनम्यारो (हड्डीभित्र हुने मासी) प्रत्यारोपणबाट गरिन्छ। शरीरमा भएको क्यान्सर आक्रान्त बोनम्यारोलाई नष्ट गरेर अर्को स्वस्थ बोनम्यारो राख्ने प्रक्रिया नै बोनम्यारो प्रत्यारोपण हो।

# सुनसरीमा बाढीले धान बालीमा बढी क्षति

इनरुवा, १५ असोज। सुनसरी भोक्राहा नरसिंह गाउँपालिकाका देवनारायण मेहताले दुई बिघामा धानखेती गरेका थिए। उनले खेतको गोडमेल, रोपाइँ, सिँचाइलगायत व्यवस्थाका लागि प्रतिबिघाको करिब रु ४० हजार खर्च गरेको थियो। केहीदिनदेखि परेको अविरल वर्षासँगैको बाढीले उनीसँगै जिल्लाका अधिकांश किसानका धान खेतीमा क्षति पुऱ्याएको समाजसेवी राजकिशोर मेहताले बताए। प्रतिबिघा रु ४० हजार लगानी गरेर खेती गर्नु आमकिसानका लागि समान्य कुरा नभएको उनको भनाइ छ। देवनारायणले खेतीमा लगानी गर्दा चिन्ता लिएका थिए। थिएन् तर अहिले बाढीबाट क्षति भएपछि वर्षभरि के खाने भन्ने चिन्तामा उनी हुन्छ। उनले करिब दुई बिघामा धानखेती गर्नुभएको थियो। देवनारायणले खेतीको बिमा नगरेकाले पनि थप चिन्ता थपेको समाजसेवी मेहताले बताए।



देवनारायणले घुटराज जातको धान लगाउनुभएको थियो। पाकेर भित्र्याउने बेला आएको पानीले खेतीसँगै किसानको लाखौँको लगानीमा क्षति भएको स्थानीय किसान रामवृक्ष मेहताले उल्लेख गरे। भोक्राहा नरसिंहसहित जिल्लाका विभिन्न स्थानमा घुटराज धान लगाउने किसान अहिलेको वर्षाबाट बढी प्रभावित भएका उनले बताए। भोक्राहा नरसिंह गाउँपालिकामा मात्र घुटराज धान रोपाइँ गर्नेमा देवनारायणसहित जमाहर मेहता, श्यामदेव मेहता, जोगिन्दर मेहतालगायत छन्। यहाँ करिब ४० बिघा जमिनमा यो धान रोपाइँ भएको स्थानीय जमाहर मेहताले जानकारी दिए। लगातारको वर्षाले धान खेतमा खसेको र पानी नसुकेपछि खेतमै उम्रिने उनले बताए।

किसानले वार्षिक रुपमा मजदुरकारको अभावका साथै आर्थिक सङ्कट, मल तथा बिउ अभावका बीच पनि खेती गर्दै आएका जमाहरले बताए। 'सिँचाइका लागि पानी आवश्यक भएका बेला नपर्ने, अहिले धान काटेर भित्र्याउने बेला परेको पानीले खेती सबै नष्ट गरेको छ', उनले भने। यसैबीच लगातार वर्षासँगै आएको बाढीबाट विस्थापित भएकाहरु घर फर्किन थालेका छन्। जिल्लाको विभिन्न स्थानीय तहमा बाढीबाट विस्थापित भई सार्वजनिक स्थानमा बसेकाहरु फर्किन थालेका सशस्त्र प्रहरी बल ४ नं गण सुनसरीका प्रहरी उपरीक्षक समेनन्द बज्राचार्यले राससलाई जानकारी दिए।

कोशी–४ मा बाढीबाट डुबानमा परेका ४० परिवार घर फर्किएका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुमन तिम्सिनाले जानकारी दिए। हरिनगर गाउँपालिकामा केही बाढीपीडित अहिले पनि सार्वजनिक स्थानमा रहेको भन्दै पालिकाले अस्थायी बासस्थान र खानाको व्यवस्थापन मिलाएको गाउँपालिकाका अध्यक्ष गफार अन्सारीले बताए। सुनसरी खोला र मरिया खोलाको बाढीले गाउँपालिकाका कतिपय स्थान आंशिक डुबानमा परेका भन्दै वडा नं २ र ४ का पीडित घर फर्किन थालेका छन्भने वडा नं ५ र ७ का पीडित अहिले पनि सार्वजनिक स्थानमा बसिरहेका उनले जानकारी दिए।

बाढीले गाउँपालिकाको करिब एक सय बिघामा पाकेको धानखेती तथा एक सय बिघा तरकारी खेतीमा क्षति गर्नुका साथै दुई किलोमिटर सडक कालोपत्र भत्काएको अध्यक्ष अन्सारीले जानकारी दिए। खेती गर्ने बेलामा मजदुर, मल, पानी अभाव भए पनि गरिएको तरकारी, धान र सनपाटको खेती भित्र्याउने बेलामा आएको बाढीले नष्ट गरिदिएको किसान चन्दन मेहताले बताए। दसैं नजिकिएसँगै बिक्रीका लागि तयार पारिएको कोपी, वैगुन, परबल, भिण्डी, करेला, लौका, फर्सी, घिरौँला, काक्रालगायत तरकारी बालीमा बाढीले क्षति पुऱ्याएको उनको भनाइ छ। बाढीले विभिन्न ठाउँमा भत्काएको सडकको सम्बन्धित स्थानीय तहले मर्मतसम्भार गर्न सुरु गरिसकेका जिल्ला प्रशासन कार्यालयले जनाएको छ। बाढीबाट जिल्लामा भएको क्षतिको यकिन विवरण आउनेक्रम जारी रहेको जिल्ला प्रशासन कार्यालय सुनसरीले जनाएको छ।

## *अभिमुखीकरण...*

**विभागको सफ्टवेयरमा चलखेल**

विभागले २०८० माघ २८ गते सूचना जारी गर्दै अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई जनशक्तिका अतिरिक्त पूर्वाधारसमेत तयार पार्न भनेको थियो। प्रशिक्षकको व्यवस्था गर्नुपर्ने र कम्तीमा एक जना आफूले छनेको क्लष्टर अनुसारको सोही देशमा गएर फर्कि आएको प्रशिक्षक हुनुपर्ने भन्ने थियो। त्यस्तै प्रत्येक प्रशिक्षण कक्षामा ८४ इन्चको (एन्ड्रेइड १३, र्याम ८ जीबी, एचडीडी १२८ भएको स्मार्ट बोर्ड २ वटा, कम्प्युटर प्रिन्टर र विभागको फेमिस प्रणालीसँग मेल खाने आईरिस हाजिर मेसिन (आईरिस स्क्यानर) अनिवार्य हुनुपर्ने सूचना थियो। सोही सूचनाका आधारमा आफूहरूले दुई लाख ४० हजार रुपैयाँभन्दा बढी मूल्य पर्ने आईरिस स्क्यानर राखेको अध्यक्ष गौतमले बताए। तर, विभागले अहिले कम्पनीको नाम नै उल्लेख नभएको आईरिस सिस्टम राखेका कारण उक्त सफ्टवेयरले काम नगरेको उनको आरोप छ।

सफ्टवेयरले काम नगरेपछि व्यवसायीले समय माग गरेको भन्दै व्यवसायीमाथि दोष थुपार्ने काम भएको उनले बताए। उनले भने, 'डुब्लिकेट सामान राखेको रहेछ। हामीलाई एउटा भन्ने, विभागमा अर्को सामान राखेपछि त्यसले काम गर्दैन। अहिले सिस्टम नै ह्याक भएको भन्ने जानकारी आएको छ।' विभागका महानिर्देशक खत्रीले भने सिस्टममा समस्या आएको नभइ व्यवसायीको आग्रहमा समय थप गरिएको दाबी गरे। अर्को सिस्टम राखिएकोबारे आफूलाई जानकारी नहुने उनको भनाइ छ। 'आईटी सम्बन्धी सबै जानकारी त मलाई थाहा हुँदैन। त्यो त आईटीलाई थाहा हुन्छ। तर, व्यवसायीले केही समय मागेकाले समय दिन खोजेका हौं,' खत्रीले भने।

**विगतदेखिकै लफडा**

अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले तालिमै नदिइ तालिम लिएको प्रमाणपत्र दिने गरेका थिए। विभागले गरेको पटकपटकको अनुगमनका क्रममा एकै जनाको फिङ्गर प्रिन्टबाट १० जनाभन्दा बढीको हाजिरी गरेको भेटिएको थियो। त्यसपछि विभागले ४६ वटा अभिमुखीकरण तालिम प्रदायक संस्थालाई निलम्बनसमेत गरेको छ। पढाउँदै नपढाएको विषयमा पैसा लिने र तालिम लिएको भनी प्रमाणपत्र दिने गरेको पाइएपछि विभागले आईरिस सिस्टम लागु गर्न खोजेको थियो। शरतसिंह भण्डारीको अघिल्लो कार्यकालमै कार्यविधि संशोधन गर्दै पूर्वाधार थप गर्नुका साथै शुल्कसमेत ७०० रूपैयाँबाट बढाएर २८०० पुऱ्याइएको थियो।

वैदेशिक रोजगारीमा जानेलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिन देशभर १४३ संस्था छन्। वैदेशिक रोजगार विभागले २०८० मंसिर २८ गते सूचना जारी गरेर पुस १९ गतेसम्म संशोधित कार्यविधि अनुसार अद्यावधिक विवरण बुझाउन भनेको थियो। उक्त समयभित्रमा अद्यावधिक हुन नसकेको भन्दै विभागले माघ ५ गतेसम्मका लागि समय तोकेको थियो। उक्त समयावधिभित्र व्यवसायीहरू कार्यविधि अनुसार नै पूर्वाधार थप गर्नतिर लागेका थिए। भण्डारीपछि आएका श्रममन्त्री डीपी अर्यालले उक्त कार्यविधि खारेज गरेका थिए।

त्यसपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तत्काल शुल्क नबढाउन निर्देशन दिएका थिए। प्रधानमन्त्रीको निर्देशनपछि रोकिएको शुल्क तत्कालीन मन्त्री अर्याल आएपछि खारेज नै गरिदिएका थिए। त्यसका विरुद्धमा व्यवसायीहरूले सर्वोच्च अदालतमा मुद्दा हालेका थिए। सर्वोच्चले कार्यविधि संशोधन खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो। त्यसपछि व्यवसायीलाई संशोधित कार्यविधि अनुसार काम गर्ने बाटो खुलेको थियो। तर, विभागले आईरिस सिस्टम जडान गर्न सकेको थिएन। अहिले आएर असोज १५ गतेदेखि अनिवार्य रूपमा आईरिस लागु गर्नुपर्ने भन्दै व्यवसायीहरूलाई विभागले परिपत्रसमेत गरेको थियो। परिपत्र गरेसँगै मंगलबार बिहानैदेखि १०० भन्दा बढीको आईरिस सिस्टममा इन्ट्रीसमेत भइसकेको थियो। तर, अन्तिममा आएर विभागले यो सिस्टम अनिवार्य हुने मिति सारेको हो।

यसमा मेनपावर व्यवसायीहरूको तर्फबाट समेत दबाब परेको देखिन्छ। बाढी पहिरोका कारण श्रमिकहरू काठमाडौं आउन नसकेको भन्दै मेनपावर व्यवसायीहरूले केही दिन पर सार्न अनुरोध गरेका थिए। अभिमुखीकरण तालिम प्रदायकहरू विभागमै पुगेर केही दिन समय सार्न माग गरेका थिए। सोही आधारमा विभागले समय सारेको हो। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले अहिले दसैं–तिहारको मुखमा आईरिस सिस्टम लागु गर्न नसकिने बताए। त्यसैले आईरिसका लागि केही दिन समय दिने र अहिले पुरानै बायोमेट्रिक सिस्टमबाट तालिम लिने व्यवस्था मिलाउन अनुरोध गरिएको उनले बताए।

'एक्कासी सबैले लागु गर्न सक्दैनन्। सामग्रीहरू समेत जुटाउनुपर्ने अवस्था छ। अहिले दसैं–तिहारको बिचमा एक्कासी लागु गर्दा विदेश जाने भनेर काठमाडौं आएका श्रमिक समस्या पर्ने भए। केही दिन तयारीका लागि समय दिन भनेका हौं,' अध्यक्ष भण्डारीले भने।

## *सरकार भ्याप्ले ...*

गर्छु भन्ने ललितपुरका मेयर चिरीबाबु महर्जन त टेलिफोनमा पनि भेटिएनन्। नागरिकको पीडा र समस्यासँग प्रत्यक्ष सरोकार राख्ने मुख्य पालिकाका जनप्रतिनिधि संघीय सरकारसँगै सुते। मौसम पूर्वानुमानअनुसार विपद्को पूर्वतयारी गर्न नसकेर जनधनको ठूलो क्षति भएपछि मात्रै यी निकाय भर्ल्याँस्स भएजस्तो देखिएका छन्। तर विपद्पछिको खोज, उद्धार र पुनर्निर्माणको काममा पनि नागरिकले सरकार भएको महसूस गर्न पाएका छैनन्।

## *कृषकको खातामा...*

माग गर्दै आएका थिए। सरकारले किसानको माग सम्बोधन गर्दै यो वर्ष छिट्टै अनुदान पठाएपछि किसानले खुसी र राहतको अनुभूति गरेको उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेश कुशवाहाले बताउनुभयो।

उनले भने, 'दसैंअघि नै अनुदान पाउने भएपछि उखु किसानले राहत र खुसीको अनुभूति गरेका छन्। समयमै भुक्तानीले उखु खेतीप्रति किसानको भरोसा र उत्साहलाई बढाएको छ।' कोलेनिका प्रमुख अधिकारीले सरकारले बजेटमै व्यवस्था गरेअनुसार सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको भुक्तानी समितिको निर्णयअनुसार उखु किसानलाई अनुदान उपलब्ध गराएको बताए। अहिले उखुको मूल्य उद्योगले ५४० र सरकारले अनुदान बापत ७० गरी प्रति क्विन्टल ६१० रुपियाँ कायम गरिएको छ। उखु कृषकले भने चिनिको मूल्य आकाशिँदै गएको र खेतीको लागत बढ्दै गएकाले प्रति क्विन्टल उखुको न्यूनतम समर्थन मूल्य ७५० रुपियाँ कायम गर्नुपर्ने माग राख्दै आएका छन्।

**बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।**

# स्वास्थ्य सेवा प्रभावकारी बनाउन कर्मचारीको वृत्ति विकासमा विशेष ध्यान दिइनेछ : मुख्यमन्त्री सिंह



**लक्ष्मी चौधरी**

जनकपुरधाम, १५ असोज। हेल्थ असिस्टेन्ट संघ नेपालको मधेश प्रदेश समितिले स्वास्थ्य सेवा प्रणाली ध्वस्त हुन नदिन अनुरोध गर्दै मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई ज्ञापनपत्र बुझाएको छ। संघले स्वास्थ्य सेवाका सिअहेब अधिकृतहरूलाई एक पटकका लागि सातौँ तह कायम गर्नेगरी कानुन संशोधन भएमा स्वास्थ्य सेवा प्रणाली ध्वस्त हुने भन्दै त्यसो नगर्न अनुरोध गर्दै संघले मङ्गलबार जनकपुरधामस्थित मुख्यमन्त्री सिंहलाई ज्ञापनपत्र बुझाएको हो। उक्त ज्ञापनपत्र बुझ्नुहुँदै मुख्यमन्त्री सतीशकुमार सिंहले स्वास्थ्य सेवा प्रभावकारी बनाउने लक्ष्यका साथ प्रदेश सरकार कर्मचारीको वृत्ति विकास सम्बन्धीमा विशेष ध्यान दिने बताए। उनले संघ तथा अन्य प्रदेशका अभ्यासहरूको समेत अध्ययन गरी मात्र कुनै निर्णय लिइने जानकारी दिनुभयो।

संघले सिअहेब अधिकृतहरूले एक पटकका लागि सातौँ तह माग गरी ज्ञापनपत्र बुझाएको विषय ९५ प्रतिशत स्वास्थ्यकर्मीलाई अमान्य हुने जनाउँदै त्यसअनुसार व्यवस्था भए शैक्षिक योग्यता र प्राविधिक ज्ञान तथा सिप बिना बढुवा हुने तथा त्यसबाट वरिष्ठ कर्मचारी कनिष्ठ हुने बेथिति सिर्जना हुने जनाएको छ। संघका प्रदेश संयोजक धीरेन्द्रकुमार यादवले शैक्षिक योग्यताको अपहेलना हुनेगरी सीमित स्वास्थ्यकर्मीको वृत्ति विकासका लागि सिअहेब अधिकृतहरूले एक पटकका लागि सातौँ तहमा बढुवा माग गरेको भन्दै त्यस्तो भएमा स्वास्थ्य सेवाको रिफरल प्रणाली नै सङ्कटमा पर्ने बताए। उनले सिअहेब अधिकृतहरूको बढुवा माग संघीय स्वास्थ्य सेवा ऐन २०५३, स्वास्थ्य सेवा नियमावली २०५५, कर्मचारी समायोजन ऐन २०७५ तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ को मर्मविपरीत भएको दाबी गरे।

स्वास्थ्य सेवा ऐन अनुसार प्रवेशिका शैक्षिक योग्यतापछि १८ महिने तालिमप्राप्त अहेबको सेवा प्रवेश खरिदार सरहमा भएर तह वृद्धि भएर छैटौँ तहसम्म जाने व्यवस्था छ। नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९(१) अनुसार अधिकतम दुई तहसम्म स्तर तथा तह वृद्धि हुने प्रावधान छ। जसअनुसार चौथो तहबाट सेवा प्रवेश गरेका अहेब र अनमीलाई अहेब तथा अनमीलाई पाँचौं तह र सिअहेब र सिअनमीलाई छैटौं तहसम्म जाने व्यवस्था छ।

मधेश प्रदेशको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा शैक्षिक योग्यताका आधारमा तह वृद्धि हुने प्रावधान छ। त्यस अनुसार छैटौं तहमा समायोजन भएका सिअहेब अधिकृतहरूले एक पटकका लागि सातौं तह माग गरिरहेका छन्। सिअहेब अधिकृतहरूको माग सम्बोधन गर्न मधेश प्रदेशको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन संशोधन गर्नुपर्ने हुन्छ।

# दशैँको मुखमा कष्टकर यात्रा

काठमाडौं, १५ असोज। वर्षाका कारण देशका धेरैजसो राजमार्ग तथा सडक भत्किँदा महान् चाड दशैँको मुखमा यात्रा कष्टकर बनेको छ। दशैँका लागि पोकोपुन्तुरा बोकेर आफन्तसँगै रमाइलो गरी पर्व मनाउन हिँडेका यात्रु अहिले ठाउँठाउँका सडकमा अलपत्र छन्। कति बेला घर पुगिने हो ठेगान छैन। यात्रा शुरू भएदेखि नै यात्रु निकै त्रासमा देखिएका छन्। गएको शुक्रवार राति धादिङको भ्याप्ले खोलामा पहिरोले तीन वटा बस पुर्दा ३६ जनाको ज्यान गएसँगै यात्रा भन्नै जोखिमपूर्ण बनेको भन्दै यात्रु त्रसित बनेका हुन्। काठमाण्डौ आउजाउ गर्ने कुनै पनि सडकको भर छैन। यात्रुले यो दशैँमा घर पुग्न ठूलै युद्ध जितेझैँ हुने अवस्था रहेको चितवन जान लागेका यात्रु कृष्ण शर्माले बताए।

हिजो मात्रै भ्याप्ले खोलाको पहिरो हटाएर काठमाण्डौबाट बाहिर जाने गाडीलाई अनुमति दिए पनि मलेखु नजिकै पहिरो खस्दा रातभर यात्रु बाटैमा रोकिन बाध्य भएका थिए। यस्तै दाउन्नेमा हिजो बेलुका बन्द भएको सडक खुलाउन बुधबार बिहान कुर्नुपर्‍यो। काठमाण्डौ–नारायणगढ सडकका दर्जनौँ ठाउँमा भत्किएको सडक र गाडीको अत्यधिक चापका कारण राम्ररी गाडी चल्नेगरी सडक व्यवस्थापन गर्न सक्ने अवस्थासमेत छैन। कामचलाउका रूपमा मात्रै गाडी सञ्चालन गरिएको छ। सामान्य पानी परेमा गाडी पूर्णरूपमा अवरुद्ध हुने अवस्था रहेको नेपाल प्रहरीका सहायक प्रवक्ता एवम् प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विश्व अधिकारीले बताउनुभयो। यस्तै पूर्व र पश्चिमलाई जोड्ने महेन्द्र राजमार्ग पनि राम्ररी सञ्चालन हुन सकेको छैन।

नेपाल प्रहरीका अनुसार मंगलबार पनि २० वटाभन्दा धेरै ठाउँमा राजमार्ग अवरोध नै रहेको तथ्याङ्क छ। काठमाण्डौबाट पूर्व जान निकै छोटो र महत्त्वपूर्ण मानिएको बीपी राजमार्ग पनि क्षतविक्षत अवस्थामा रहेको छ। यातायातको प्रणाली नै भङ्ग अर्थात् 'चेन ब्रेक' हुने अवस्थाले गर्दा यात्रुको चाप बढ्ने, अव्यवस्थित हुने, यात्रुको तँछाडमछाड हुने र त्यसले दशैँसम्म नै यात्रा कष्टकर हुनसक्ने देखिएको छ। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले भने अब दशैँको बुकिङ नै बन्द गर्न लागिएको बताए। राज्यले सडक खुलाउन प्रभावकारी काम गर्न नसकेको, बीपी राजमार्गमा ६ सय वटा गाडी फसेको, चालक र सहचालकले खाना नपाएको लगायतका कारण यस्तो अवस्थामा अग्रिम टिकट बुकिङ लिनु उचित नहुने उनको भनाइ छ।

# जलवायु परिवर्तनको असरले नेपालमा सामाजिक सुरक्षामै चुनौती थपियो : आईएलओ

काठमाडौं, १५ असोज। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले जलवायु परिवर्तनको असरले नेपालमा सामाजिक सुरक्षामै चुनौती थपिएको जनाएको छ। जलवायु परिवर्तनले बारम्बार देखिएका प्राकृतिक विपत्तिका कारण नेपालीहरूले सामाजिक सुरक्षाका विभिन्न सेवा सुविधासमेत गुमाउन सक्ने आईएलओको भनाइ छ। मंगलबार जारी भएको प्रतिवेदनमा आईएलओले नेपालले जलवायु परिवर्तनलाई सम्बोधन हुने गरी सामाजिक सुरक्षाको प्रत्याभूति गर्नुपर्नेमा पनि जोड दिएको छ। सामाजिक सुरक्षाको प्रत्याभूति गर्न नेपाल दक्षिण एशियाका अरू देशको तुलनामा निकै सुस्त गतिले अगाडि बढेको र यस्तो अवस्थामा जलवायु परिवर्तनका कारण देखिने विभिन्न घटनाले भन्नै असर पर्ने प्रतिवेदनमा उल्लेख छ।



पर्याप्त सुविधा र पूर्ण सुरक्षालाई समेटेर नेपालले तुरुन्तै विश्वव्यापी सामाजिक सुरक्षाको प्रत्याभूति गर्नुपर्ने आईएलओका नेपाल प्रमुख नुमान ओजकनले बताउनुभएको छ। सन् २०२१ मा सामाजिक सुरक्षाको दायरा १७ प्रतिशतमा पुगेकोमा गएको वर्ष २०२३ मा आइपुग्दा यो बढेर २१ प्रतिशत आइपुगेको छ तर यो दक्षिण एशियाको तुलनामा निकै पछाडि हो। विश्वव्यापी रूपमा मातृत्व सुरक्षा पाउने ५६ प्रतिशत रहेकोमा नेपालले ७ दशमलव ४ प्रतिशतलाई मात्रै मातृत्व सुरक्षा प्रदान गरेको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै विश्वव्यापी रूपमा पेन्सन पाउने ५८ प्रतिशत र दक्षिण एशियामा ३७ प्रतिशत रहेकोमा नेपालमा जम्मा ७ प्रतिशतले मात्रै पाउँदै आएका छन्। प्रतिवेदनले जलवायु परिवर्तनको प्रभावबाट एशिया–प्रशान्त क्षेत्रका नेपालसहित १६ वटा देश सबैभन्दा बढी जोखिममा रहेको जनाएको छ।

# वीरगञ्ज नाकाबाट धान–चामल आयात घट्यो

पर्सा, १५ असोज। वीरगञ्ज नाकाबाट चालु आर्थिक वर्षको दुई महिनामा धान–चामलको आयात घटेको छ। चालु आवको भदौसम्म रु ९६ करोड ३२ लाख ५६ हजारको रु दुई करोड ६३ लाख ३४ हजार सात सय ९० किलो धान आयात भएको छ। गत आवको सोही अवधिमा रु एक अर्ब ३१ करोड २९ लाख १० हजारको रु तीन करोड ७९ लाख ५१ हजार पाँच सय ६६ किलो धान आयात भएको थियो। गत आवको तुलनामा चालु आवको सोही अवधिमा धानको आयात ३० दशमलव ६१ प्रतिशतले घटेको हो। वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले गत आवको तुलनामा चालु आवमा धान र चामलको आयातमा केही कमी आएको बताए। चालु आवको भदौ मसान्तसम्ममा कनिका आयातमा पनि कमी आएको छ।

चालु आवको भदौ मसान्तसम्मा रु २२ करोड १७ लाख २८ हजारको १६ लाख ८८ हजार नौ सय किलो चामल तथा कनिका आयात भएको छ। गत आवको सोही अवधिमा रु २६ करोड पाँच लाख २७ हजारको २२ लाख तीन हजार नौ सय किलो चामल तथा कनिका आयात भएको थियो। गत आवको तुलनामा चालु आवको सोही अवधिमा २३ दशमलव ३७ प्रतिशतले चामल तथा कनिकाको आयात घटेको हो। चालु आवमा दुई महिनामा मकैको आयात पनि घटेको छ। भदौ मसान्तसम्ममा ६१ करोड २४ लाख ७८ हजारको एक करोड ५० लाख ३८ हजार किलो मकै आयात भएको छ। गत आवको सोही अवधिमा रु ६७ करोड ९७ लाख ६२ हजारको एक करोड ८६ लाख ९१ हजार सात सय १४ किलो मकै आयात भएको थियो। गत आवको तुलनामा चालु आवको सोही अवधिमा मकैको आयात १९ दशमलव ५५ प्रतिशतले घटेको हो।

## *बाढीबाट पुल...*

बेपत्ता भएका थिए। कटानका कारण गाउँका बासिन्दालाई सदरमुकाम राजविराज पुग्न पनि कठिनाइ खेप्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्।

तिलाठी कोइलाडी गाउँपालिका–१ का वडाध्यक्ष दिनेश्वर मिश्र सडक कटानको समस्या तीन दशकभन्दा बढी समयदेखि रहेको बताउछन्। उनले खाँडो र जीता नदीको बहाव सही तरिकाले व्यवस्थापन नहुँदा निरन्तर यो समस्याले यात्रीलाई सास्ती दिँदै आएको जानकारी दिए। यद्यपि सरकारले गम्भीरता नदेखाएपछि यहाँका स्थानीय बासिन्दालाई वर्षायाममा यस्ता समस्या भोग्नुपर्ने नियति नै बनेको छ। "यो समस्या हरेकपटक वर्षायाममा आउँछ तर राज्यले गम्भीरता देखाउँदैन", उनले भने, "यसले राजविराज भन्सार कार्यालयको राजस्व सङ्कलनमा पनि निकै गिरावट आउँछ, यो समस्या जति चाँडो समाधान हुन्छ, स्थानीयसँगै राज्यका लागि त्यति नै फलदायी हुन्छ।"

तिलाठीस्थित राजविराज भन्सार कार्यालयका सूचना अधिकारी अजयप्रकाश भगतले राजविराज जोडिने कुनौलीको पूर्वी भेगसम्मको बीच बाटोमा रहेको पुल र सडक जीता खोलाले बगाएर क्षति गर्दा राजस्व सङ्कलनमा धेरै गिरावट आएको बताए। उनले राजविराज भन्सारसम्म सवारीसाधन आउन नसकेका कारण आर्थिक वर्ष २०८१/८२ को साउन र भदौमा लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको बताए। कार्यालयसम्म आउने बाटो जीर्ण र समय–समयमा बाढीले सडकमा क्षति गरेको सडक पुनःनिर्माण नभएका कारण राजस्व सङ्कलन प्रभावित भएको सूचना अधिकारी भगत बताउछन्। उनले भने "साउनमा रु ६७ लाख २३ हजार सङ्कलन गर्ने लक्ष्य रहेकामा २३ लाख ८८ हजार सङ्कलन भएको र भदौमा रु ६३ लाख ५५ हजार लक्ष्य रहेकामा रु १९ लाख ३८ हजार राजस्व असुली भयो।"

कुनोली बजार आवतजावतका लागि पुल नभएका कारण पनि राजस्व सङ्कलमा कमी आएको उनले बताए। यस्तै राजविराज भन्सारदेखि पूर्वतर्फको पुलसमेत बाढीले बगाउँदा नेपाली दैनिक उपभोग्य सामानमा किन्न निर्भर रहने कुनोली बजार जानसमेत समस्या छ। राजविराजदेखि १० किलोमिटर दक्षिणपूर्वमा भारतीय सिमानामा रहेको कुनोली बजारमा दैनिक उपभोग्य सामान किन्नेहरूको भीड लाग्ने गर्दछ। दसैँतिहारका बेला बजार जाने नेपाली तिलाठीबाट दक्षिण खोला तरेर कुनोली बजार जाने बाटोमा समेत पुल नभएकाले सास्ती खेपिरहेको हनुमाननगर कङ्कालनी नगरपालिका–१४ का वासुदेव मण्डलले बताए। कुनोली बजारमा दैनिक उपभोग्य सामान किन्नका लागि जिल्लाको राजविराज, हनुमाननगर, भारदह, कञ्चनपुर, रुपनी, डिवन र तिलाठी कोइलाडी गाउँपालिकाको लौनिया, सकरपुरा, रम्पुरा, मल्हनिया र तिलाठीका सर्वसाधारण जाने गर्दछन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)